# चौंरीदेउराली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन -२०८१

चौंरीदेउराली गाउँकार्यपालिकाको कार्यालय

ढाँडखर्क भञ्ज्याङ्ग ,काभ्रेपलाञ्चोक

बागमती प्रदेश

नेपाल

# चौरीदेउराली गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई
# कार्यान्वयन गर्न बनेको आर्थिक ऐन -२०८१

**गाउँसभाबाट प्रमाणिकरण मिति: २०८१/०३/१०**

**प्रस्तावना :**

चौरीदेउराली गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चौरीदेउराली गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस विधेयकको नाम आर्थिक ऐन -२०८१ रहेको छ

(२) यो ऐन २०८१ साल श्रावण १ गते देखि चौरीदेउराली गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति कर :**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पत्ति कर /घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत):**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असूल उपर गरिनेछ।

**४. घर वहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल उपर गरिनेछ।

**५. व्यवसाय कर वा दर्ता शुल्क :**

गाउँपालिका क्षेत्रभित्र व्यापार , व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (४) बमोजिम कर वा दर्ता शुल्क लगाईने र असूल उपर गरिनेछ।

**६. जडिबुटी, कवाडी र जीवजन्तू कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी,वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरेवापत अनुसूची (५) बमोजिम कर लगाईने र असूल उपर गरिनेछ।

७. **सवारी साधन कर :**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**८. विज्ञापन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**९. मनोरन्जन कर :**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१०. बहाल बिटौरी शुल्क :**

गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. पार्किङ शुल्क :**

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए वापत अनुसूची (१० ) बमोजमि पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ्, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रफाफ्टिङ्ग शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्, बन्जी जम्पिङ्ग, जिपफ्लायर र रफाफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुर :**

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१२) मा उल्लेख स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन शुल्क :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१३) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१५. दहत्तर बहत्तर शुल्क :**

गाउँपालिका क्षेत्रभित्रबाट बिक्रि तथा निकासी हुने ढुंगा, गिट्टी, स्लेट,बालुवा, चुनढुंगा, खरिढुंगा,अभ्रखमा अनुसूची (१४) मा उल्लेखित दरका दहत्तर बहत्तर शुल्क लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

**१६. कर छुट :**

यस ऐन बमोजिम तर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन।

**१७. कर तथा संकलन सम्बन्धी कार्यविधि :**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसूची - १
## (दफा २ सँग सम्बन्धित)
## गाउँपालिकाले लगाउने सम्पति करको दर

| सि.नं. | सम्पती करको दर | इकाई | आ.व २०८१/८२ को दर | कैफियत |
|---|---|---|---|---|
| १ | १ देखि ५ लाख सम्म | वार्षिक | रु.१५० ।- | |
| २ | ५ लाख १ देखि १० लाख सम्म | वार्षिक | रु.४०० ।- | |
| ३ | १० लाख १ देखि ३० लाख सम्म | वार्षिक | रु.७०० ।- | |
| ४ | ३० लाख १ देखि ५० लाख सम्म | वार्षिक | रु.१४०० ।- | |
| ५ | ५० लाख १ देखि १ करोड सम्म | वार्षिक | रु.२५०० ।- | |
| ६ | १ करोड १ देखि २ करोड सम्म | वार्षिक | रु.४५०० ।- | |
| ७ | २ करोड १ देखि माथि | वार्षिक | रु.६५०० ।- | |

## अनुसूची - १.१
## चौंरीदेउराली गाउँपालिका भित्रका जग्गाको मूल्याङ्कन दर
## साविक वाङथली (हाल वडा नं १)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२७३२५०।- | रु.२९००००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.८१९५०।- | रु.८५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.४९४००।- | रु.५१०००।- |
| ५ | बारी | प्रति रोपनी | रु.३४७००।- | रु.४५५००।- |

## साविक नाग्रे गगर्चे (हाल वडा नं २)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा  पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३०२६५०।- | रु.३२२०००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.८१९५०।- | रु.८५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.४१०००।- | रु.५९४०००।- |
| ५ | बारी | प्रति रोपनी | रु.३४७००।- | रु.४५५००।- |

## साविक माझिफेदा (हाल वडा नं ३)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा  पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३७३२५०।- | रु.३९००००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.९१९५०।- | रु.९५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.५९४००।- | रु.६१०००।- |
| ५ | बारी | प्रति रोपनी | रु.४४७००।- | रु.४५५००।- |

## साविक धुसेनी शिवालय (हाल वडा नं ४)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा  पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३०२६५०।- | रु.३३१५००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.८१९५०।- | रु.८५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.५१०००।- | रु.५९०००।- |
| ५ | बारी | प्रति रोपनी | रु.३४७००।- | रु.३५५००।- |

## साविक पोखरीचौरी (हाल वडा नं ५)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा  पर्ने जग्गाहरु | प्रति रोपनी | रु.४०२६५०।- | रु.४२२०००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.९१९५०।- | रु.९५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.६१०००।- | रु.६९४००।- |
| ५ | बारी | प्रति रोपनी | रु.४४७००।- | रु.४५५००।- |

## साविक कात्तिके देउराली (हाल वडा नं ६)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा  पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३०२६५०।- | रु.३२२०००।- |

| | | | | |
|---|---|---|---|---|
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रुरु.९१५००।- | रु.९७७००।- |
| ४ | खेत | प्रति रोपनी | रु.७४१००।- | रु.७६५००।- |
| ५ | बारी | प्रति रोपनी | रु.६१०००।- | रु.६९४००।- |

## साविक माँदन कुँडारी (हाल वडा नं ७)

| **सि.नं.** | **जग्गा तथा सडकको विवरण** | **इकाई** | **कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु** | **आ./व्य क्षेत्रका जग्गाहरु रु** |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३०२६५०।- | रु.३२२०००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२३७५५०।- | रु.२४४५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.७४६००।- | रु.७७५००।- |
| ४ | खेत | प्रति रोपनी | रु.७०९५०।- | रु.७३०००।- |
| ५ | बारी | प्रति रोपनी | रु.६१०००।- | रु.६८८५०।- |

## साविक विर्तादेउराली (हाल वडा नं ८)

| **सि.नं.** | **जग्गा तथा सडकको विवरण** | **इकाई** | **कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु** | **आ./व्य क्षेत्रका जग्गाहरु रु** |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३०२६५०।- | रु.३२२०००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.९११५०।- | रु.९५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.६१०००।- | रु.६९४००।- |
| ५ | बारी | प्रति रोपनी | रु.४४७००।- | रु.४५५००।- |

## साविक गोठपानी (हाल वडा नं ९)

| सि.नं. | जग्गा तथा सडकको विवरण | इकाई | कृषि/भू-वर्गिकरण बाकी जग्गाहरु रु | आ./व्य क्षेत्रका जग्गाहरु रु |
|---|---|---|---|---|
| १ | पक्की मोटरबाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.३०२६५०।- | रु.३२२०००।- |
| २ | कच्ची मोटर बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.२५१२००।- | रु.२५८५००।- |
| ३ | गोरेटो बाटोमा पर्ने जग्गाहरु | प्रति रोपनी | रु.९१९५०।- | रु.९५०००।- |
| ४ | खेत | प्रति रोपनी | रु.५१०००।- | रु.५९४००।- |
| ५ | बारी | प्रति रोपनी | रु.४४७००।- | रु.४५५००।- |

## अनुसूची - १.२
## चौंरीदेउराली गाउँपालिका भित्रका निर्माण भएका संरचनाको मूल्यांकन दर

| सि.नं. | घरको वर्गिकरण | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सिमेन्टको जोडाई, आर.सि.सि. छाना भएका घर | वर्गफिट | रु.६३५।- | |
| २ | सिमेन्टको जोडाई जस्ता वा टायलको छाना भएको | वर्गफिट | रु.५७५।- | |
| ३ | माटोको जोडाइ जास्ता वा टायलको छाना भएको | वर्गफिट | रु.४५०।- | |
| ४ | ईटा वा ब्लकले बनेको सेड वा कच्ची घर | वर्गफिट | रु.२००।- | |

## अनुसूची - २
## (दफा ३ सँग सम्बन्धित)
## गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)

| सिं.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल,दोयम,सिम चहार | प्रति रोपनी | रु.१५।- | |

## अनुसुची- ३
## (दफा ४ सँग सम्बन्धित)
## गाउँपालिकाले लगाउने घरवहाल कर

| सिं.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | घर वहाल कर | वार्षिक | १० प्रतिशत | |
| २ | **जग्गा वहाल कर** | | | |
| क | कृषि प्रयोजनका लागि | वार्षिक | ५ प्रतिशत | |
| ख | व्यवसायी/व्यापारीक प्रयोजनका लागि | वार्षिक | १०प्रतिशत | |

## अनुसुची- ४
## (दफा ५ सँग सम्बन्धित)
## गाउँपालिकाले लगाउने व्यवसाय कर वा दर्ता शुल्क
## व्यापारिक वस्तु व्यवसाय कर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | चुरोट रक्सी समेतको खुद्रा पसलहरु | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| २ | चुरोट रक्सी समेतको थोक पसलहरु | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| ३ | ज्वेलरी पसल | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ४ | भिडियो क्यासेट पसल (रेकर्डर तथा प्लेयर) | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ५ | निर्माण सामाग्री विक्रेता(हार्डवयेर) | वार्षिक | रु.६०००।- | रु.४०००।- |
| ६ | कम्प्यूटर, विद्युत समान,क्यामेरा, टेलिभिजन मर्मत पसल आदिमा | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ७ | रेडियो मर्मत तथा विक्री | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ८ | पेट्रोलियम पदार्थ थोक (पेट्रोल पम्प) | वार्षिक | रु.१०००००।- | रु.५००००।- |
| ९ | पेट्रोलियम पदार्थ खुद्रा | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| १० | दैनिक खाद्य सामाग्री खुद्रा | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ११ | दैनिक खाद्य सामाग्री थोक | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| १२ | कपडा तथा रेडिमेड समेत (खुद्रा र थोक दुवै) | वार्षिक | रु.५०००।- | रु.२५००।- |
| १३ | किराना पसल | वार्षिक | रु.३०००।- | रु.१५००।- |

| | | | | |
|---|---|---|---|---|
| १४ | किराना पसल मिश्रित | वार्षिक | रु.५०००।- | रु.२५००।- |
| १५ | स्टेशनरी पसल | वार्षिक | रु.४०००।- | रु.२०००।- |

### विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक पेशामा व्यवसाय कर

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **दर्ता** | **नविकरण** |
|---|---|---|---|---|
| १ | ईन्जिनियर काउन्सिलमा दर्ता भएको ईन्जिनियरलाई पटके दस्तुर | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| २ | कानुन व्यवसायी | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ३ | लेखा परीक्षक | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ४ | अनुसन्धान कर्ता र परामर्श दाता | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ५ | ओभरसियर | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ६ | वीमा एजेन्ट | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ७ | सर्भेयर | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ८ | सामान ढुवानीकर्ता | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ९ | पेन्टर | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| १० | भवन घर निर्माण गर्ने व्यक्ति (ठेकेदार) | व्यक्ति | रु.२०००।- | रु.१०००।- |
| ११ | जग्गा प्लानिङ्ग,प्लटिङ्ग | रोपनी | रु.१००००।- | रु.५०००।- |

### निर्माण व्यवसाय (गा.पा क्षेत्रभित्र ठेगाना भएका)

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **दर्ता** | **नविकरण** |
|---|---|---|---|---|
| १ | घ वर्गको निर्माण व्यवसाय दर्ता | वार्षिक | रु.१२०००।- | रु.५०००।- |
| २ | नविकरण विलम्ब शुल्क | | रु.१५००।- | |
| ३ | टोल विकास समिति दर्ता शुल्क | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ४ | **उपभोक्ता समिति दर्ता शुल्क** | | | |
| ४.१ | ५ लाखसम्मको योजना | वार्षिक | रु.७००।- | रु.३५०।- |
| ४.२ | ५ लाखमाथिको योजना | वार्षिक | रु.१५००।- | रु.७५०।- |

| | | | | |
|---|---|---|---|---|
| ५ | सामाजिक संस्था | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ६ | सामुदायिक बन उपभोक्ता समिति | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ७ | खानेपानी मुहान दर्ता समिति | वार्षिक | रु.२०००।- | रु.१०००।- |

## बैकल्पिक उर्जा मूलक उद्योग

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | गोवरग्याँस उद्योग | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| २ | सोलार | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| ३ | अन्य उर्जामूलक उद्योग | वार्षिक | रु.४०००।- | रु.२०००।- |

## कृषि तथा अन्य उद्योग

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | **कुखुरा पालन उद्योग** | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| | **फर्निचर उद्योग तथा अन्य उद्योग** | | | |
| १ | स-मिल | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| २ | कुटनी,पिसनी र पेलानी मिल | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ३ | व्यक्तिगत काठ चिरान मेसिन दर्ता | वार्षिक | रु.१०००।- | रु.५००।- |
| | **पशुपालन फर्म** | | | |
| १ | कृषि तथा पशुपालन फर्म | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| २ | कृषक समुह | वार्षिक | रु.१०००।- | रु.५००।- |

## खनिज उद्योग

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | सवै प्रकारको खनिज उद्योग (रोडा,ढुंगा समेत | वार्षिक | रु.३००००।- | रु.१५०००।- |

| | | | | |
|---|---|---|---|---|
| २ | ठूला उद्योग तथा कलकारखाना (पचास लाख भन्दा माथि) | वार्षिक | रु.४००००।- | रु.२००००।- |

## जलविद्यूत

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | **जलविद्यूत आयोजना** | वार्षिक | रु.५००००।- | रु.३००००।- |

## पर्यटन उद्योग

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| | **साना पर्यटन व्यवसाय** | | | |
| १ | रेष्टुराँ | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| २ | फास्टफुड,भान्छा घर | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ३ | लज मात्र भएको | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ४ | भोजनालय | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ५ | मिठाई पसल | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ६ | चिया चमेना पसल | वार्षिक | रु.१०००।- | रु.५००।- |

## सेवा उद्योग व्यवसाय कर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | छापाखाना | वार्षिक | रु.१५००।- | रु.७५०।- |
| २ | फोटोग्राफी | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ३ | डेरी उद्योग,दुग्ध डेरी | वार्षिक | रु.१००००।- | रु.५०००।- |
| ४ | दुध संकलन केन्द्र, दुग्ध चिस्यान | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ५ | कवाडी संकलन केन्द्र | वार्षिक | रु.६०००।- | रु.३०००।- |

| | | | | |
|---|---|---|---|---|
| ६ | वेल्डिङ वर्कसप | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ७ | ईन्जिनियरिङ वर्कसप | वार्षिक | रु.२०००।- | रु.१०००।- |

## निर्माण उद्योग

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | सवै किसिमका ईटा,व्लक उत्पादन गर्ने उद्योगहरु | वार्षिक | रु.२००००।- | रु.१०००००।- |

## सञ्चार सेवा

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | साइवर | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| २ | फोटोकपी | वार्षिक | रु.१०००।- | रु.५००।- |
| ३ | इन्टरनेट सेवा प्रदायक | वार्षिक | रु.२००००।- | रु.१००००।- |

## वित्तिय सेवा

| सि. नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | नेपाल सरकार पूर्ण स्वामित्वमा रहेका वाहेकका आर्थिक कारोबार गर्ने वाँणिज्य बैंकहरु | वार्षिक | रु.१५०००।- | रु.१००००।- |
| २ | वित्तीय कम्पनीका शाखा कार्यालय | वार्षिक | रु.५०००।- | रु.३०००।- |
| ३ | वीमा कम्पानी | वार्षिक | रु.५०००।- | रु.५०००।- |
| ४ | वहुउदेश्यीय सहकारी संस्था | वार्षिक | रु.६०००।- | रु.५०००।- |
| ५ | वचत तथा ऋण सहकारी संस्थाहरु | वार्षिक | रु.५०००।- | रु.४०००।- |
| ६ | कृषि सहकारी/अन्य विषयगत सहकारी संस्थाहरु | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| ७ | सहकारी कार्यक्षेत्र विस्तार | | रु.५०००।- | |

## स्वास्थ्य सेवा

| सि. नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | गैरसरकारी अस्पताल/ पोलिक्लिनिक | वार्षिक | रु.१२०००।- | रु.१२०००।- |
| २ | नर्सिङ्ग होम | वार्षिक | रु.१००००।- | रु.१००००।- |
| ३ | मेडिकल/फार्मेसी | वार्षिक | रु.५०००।- | रु.३०००।- |
| ४ | क्लिनिक र ल्याव | वार्षिक | रु.३०००।- | रु.१५००।- |

## शिक्षा सेवा

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | टयुसन सेन्टर , कम्प्यूटर तथा भाषा शिक्षण | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| **गै.स.स.** | | | | |
| १ | राष्ट्रिय स्तरीय | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| २ | जिल्ला स्तरीय | वार्षिक | रु.१५००।- | रु.७५०।- |
| ३ | गाउँपालिका स्तरीय | वार्षिक | रु.१०००।- | रु.५००।- |

## मर्मत सम्भार सेवा

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | हेभी इक्विमेन्ट बस,ट्रक,कार, मर्मत वर्कसप | वार्षिक | रु.६०००।- | रु.३ ०००।- |
| २ | मोटरसाईल र साईकल मर्मत वर्कसप | वार्षिक | रु.४०००।- | रु.२०००।- |
| ३ | रेडियो,टिभी,घडी, प्रेसर कुकर हिटर, टेलिफोन सेट आदि मर्मत | वार्षिक | रु.२०००।- | रु.१०००।- |

## अन्य सेवा व्यवसाय कर

| सि. नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | विज्ञापन सेवा | वार्षिक | रु.२०००।- | रु.१०००।- |

| | | | | |
|---|---|---|---|---|
| २ | व्युटी पार्लर,केश श्रृंगार,ड्राई क्लिनर्स, सिलाई आदि | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ३ | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ४ | मासु विक्रेता | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ५ | फूल र विरुवा विक्रेता | वार्षिक | रु.३०००।- | रु.२०००।- |
| ६ | सिसा प्लाईउड विक्रेता | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ७ | भाँडाकुँडा विक्रेता | वार्षिक | रु.२०००।- | रु.१०००।- |
| ८ | स्टील,काठ र फर्निचर विक्रेता | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ९ | खेलौना, उपहार विक्रेता | वार्षिक | रु.१०००।- | रु.५००।- |
| १० | कृषि तथा भेटरिनरी पसल | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| ११ | कृषि मल विउ विजन पसल | वार्षिक | रु.३०००।- | रु.१५००।- |
| १२ | केवुल,नेटवर्किङ्ग (प्रति ग्राहक संख्याको आधारमा) | वार्षिक | रु.४०।- | रु.२०।- |
| १३ | समूह/संजाल (दर्ता) | वार्षिक | रु.१०००।- | रु.५००।- |

**अस्थायी हाट बजार वा घुम्ती पसल**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर्ता | नविकरण |
|---|---|---|---|---|
| १ | घुम्ती पसल, सेल्स गाडीहरु समेत | पटके | रु.१००।- | |
| ५ | अन्य | पटके | रु.१०००।- | रु.५००।- |

**अनुसुची – ५**

**(दफा ६ सँग सम्बन्धित)**

**गाउँपालिकाले लगाउने जडिवुटी,वन, कवाडी र जीवजन्तु कर**

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **करका दर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | **वनकस जडिवुटी** | | | |
| क | खोटो,जडीवुटी,वनकस,कवाडीमाल कारोबार गरेवापत प्रति रु १००० मा | प्रतिशत | रु.१५।- | |
| २ | **वन पैदावार निकासी** | | | |
| क | सल्लो उत्तिस पयौ चिलाउन आदि काठको निकासी | प्रति क्यु फिट | रु.५/- | |
| ख | बुद्ध चित्त माला निकासी | प्रति के.जि | रु.३० | |
| ३ | कृषि जन्य उपज निकासी कर | | | |
| | एभोकाडो,ड्रागन फ्रुट लगायत अन्य (व्यवसायिक प्रयोजन) | प्रति १०० | रु.१० | |
| ४ | पशु चौपाया विक्रि तथा निकासी कर (व्यवसायिक प्रयोजन) | | | |
| क | भैसी | प्रति गोटा | रु.५०० | |
| ख | गाई गोरु | प्रति गोटा | रु.२०० | |
| ग | खसि बोका | प्रति गोटा | रु.५० | |

## अनुसुची- ६
### (दफा ७ सँग सम्बन्धित)
### गाउँपालिकाले लगाउने सवारी साधन कर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | करका दर | कैफियत |
|---|---|---|---|---|
| १ | सवारी दर्ता तथा वार्षिक सवारी कर | वार्षिक | प्रदेश सरकारले संकलन गरी बाँडफाँड गर्ने | |

## अनुसुची- ६.१
### (दफा ७ सँग सम्बन्धित)
### पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | करका दर | कैफियत |
|---|---|---|---|---|
| १ | सडक एवम तोकिएका अन्य सेवाको उपयोग गरे बापत | पटके | रु.२००।- | |

## अनुसुची - ७
### (दफा ८ सँग सम्बन्धीत)
### गाउँपालिकाले लगाउने विज्ञापन कर
### विज्ञापन कर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | करका दर | कैफियत |
|---|---|---|---|---|
| १ | **विज्ञापन तथा परिचय पाटी (गाउँपालिकाले निषेध नगरेको क्षेत्रमा)** | | | |
| क | होडिङ बोर्ड/साईन बोर्ड / थ्रिडि बोर्ड/ पोल बोर्ड/ हाईवे वोर्ड | प्रति वर्गफिट | रु.६०।- | |
| ख | डि.पि.एस बोर्ड | प्रति वर्गफिट | रु.४०।- | |
| ग | भित्ते लेखन र सटर प्रिन्ट | प्रति वर्गफिट | रु.२०।- | |
| घ | पोल ब्यानर | प्रति हप्ता | रु.२५०।- | |
| छ | निजि व्यवसायको व्यवसायिक स्थलमा राखेको विज्ञापन बोर्डको | वार्षिक | रु.१००।- | |

## अनुसुचि- ८
## (दफा ९ सँग सम्बन्धीत)
## गाउँपालिकाले लगाउने मनोरञ्जन कर

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **करका दर** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | **मनोरञ्जन कर** | | | |
| क | व्यवसायिक भिडियो कर | प्रतिदिन | रु.१०००।- | |
| ख | ऱ्याफ्टिङ | प्रतिगोटा | रु.१००।- | |
| ग | सांस्कृतिक प्रर्दशन | प्रतिदिन | रु.१०००।- | |

## अनुसुची - ९
## (दफा १० सँग सम्बन्धित)
## गाउँपालिकाले लगाउने बहाल विटौरी कर

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **करका दर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | **वहाल विटौरी कर** | | | |
| क | गा.पा क्षेत्रभित्रका सार्वजनिक स्थल,ऐलानी जग्गा वा वाटोको छेउमा अस्थायी व्यवसाय गर्न दिए वापत वार्षिक विटौरी कर | वर्ग फिट | रु.५।- | |
| ख | ऐलानी जग्गा वा वाटोको छेउमा खेतीपाती गरे वापत खेतको प्रति रोपनी | वार्षिक | रु.१०००।- | |
| ग | ऐलानी जग्गा वा वाटोको छेउमा खेतीपाती गरे वापत वारीको प्रति रोपनी | वार्षिक | रु.५००।- | |

## अनुसुची - १२
## (दफा १३ सँग सम्बन्धित)
## सेवा सुल्क दस्तुर
## टावर शुल्क

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | मोवाईल टावर | वार्षिक | रु.१२०००।- | |

## व्यक्तिगत  घटना दर्ता दस्तुर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | जन्म/विवाह/ मृत्यु/बसाईसरी आउने  (३५ दिन भित्र नगरेमा) | पटक | रु.२००।- | |
| २ | बसाईसराइ (सरि जानेको) | पटक | रु.२०००।- | |
| ३ | सम्बन्ध विच्छेद | पटक | रु.१०००।- | |
| ४ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि (जन्म/विवाह/ सम्बन्ध विच्छेद/ मृत्यु/ वसाईसराई) | पटक | रु.५००।- | |
| ५ | जन्म/विवाह// मृत्यु/ (३५ दिन भित्र गरेमा) | | नि:शुल्क | |

## नक्सा पास दस्तुर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की संरचना | वर्ग फिट | रु.५।- | |
| २ | कच्ची संरचना (कटेज, टहरा लगायतका) | वर्ग फिट | रु.२।- | |
| ३ | नक्सा नामसारी दस्तुर | प्रति | रु.१०००।- | |
| ४ | पक्की संरचनाको नक्सा अभिलेखिकरण | वर्ग फिट | रु.१०।- | |
| ५ | कच्ची संरचनाको नक्सा अभिलेखिकरण | वर्ग फिट | रु.३।- | |

## सामान्य सिफारिस दस्तुर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | नाम थर संशोधन सिफारिस | प्रति | रु.५००।- | |

| | | | | |
|---|---|---|---|---|
| २ | नेपाली नागरिकता प्रमाणपत्र (वंशज) सफारिस | प्रति | रु.१००।- | |
| ४ | नागरिकता प्रमाण पत्र प्रतिलिपि सिफारिस | प्रति | रु.२००।- | |
| ६ | साधारण विविध सिफारिस | प्रति | रु.२००।- | |
| ७ | तीन पुस्ते/ फोटो टाँस सिफारिस | प्रति | रु.५००।- | |
| ८ | असहाय र अपांगता,दैवि प्रकोष छात्रवृत्तिको सिफारिस | प्रति | नि: शुल्क | |
| ९ | **शिक्षक/कर्मचारी सरुवा पालिका बाहिर** | | | |
| १० | मा.वि तह/अधिकृत स्तर  सरह | प्रति | रु.५०००।- | |
| | आ.वि तह/ | प्रति | रु.४०००।- | |
| | प्रा.वि तह/सहायक स्तर | प्रति | रु.३०००।- | |
| ११ | **लेखा परिक्षण अनुमति शुल्क** | | | |
| १२ | मा.वि तह | प्रति | रु.१५००।- | |
| १३ | आ.वि तह/प्रा.वि | प्रति | रु.१०००।- | |
| १४ | शैक्षिक प्रमाणपत्रको प्रतिलिपि | प्रति | रु.५००।- | |
| १५ | व्यवसाय बन्द गर्ने सिफारिस | प्रति | रु.५००।- | |
| १६ | व्यवसाय नामसारी  सिफारिस(एकाघर परिवार) | प्रति | रु.१०००।- | |
| १७ | व्यवसाय नामसारी  सिफारिस | प्रति | रु.२०००।- | |
| १८ | अस्थायी बसोबास सिफारिस | प्रति | रु.२००।- | |
| १९ | स्थायी बसोबास सिफारिस | प्रति | रु.५००।- | |
| २० | नाबालक परिचय पत्र सिफारिस | प्रति | रु.५००।- | |
| २१ | कोठा खोल्ने कार्य/रोहबर बस्ने सिफारिस | प्रति | रु.२००।- | |
| २२ | विवाहित/अविवाहित प्रमाणित दस्तुर | प्रति | रु.५००।- | |
| २३ | हकवाला वा हकदार प्रमाणित | प्रति | रु.२००।- | |
| २४ | सर्जिमिन मुचुल्का | प्रति | रु.५००।- | |

| | | | | |
|---|---|---|---|---|
| २५ | जग्गाधनि प्रमाणपुर्जा  हराएको सिफारिस | प्रति | रु.५००।- | |
| २६ | जाती वा जातिय पहिचानको सिफारिस | प्रति | रु.२००।- | |

**जग्गा नामसारी सिफारिस दस्तुर**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की पिच मोटरबाटोसंग दुवै तर्फका जग्गा सडकबाट १ सय मिटर सम्म भित्र | प्रति रोपनी | रु.७००।- | |
| २ | अन्य सवै जग्गा | प्रति रोपनी | रु.१००।- | |
| ३ | जोत नामसारी सिफारिस | प्रति रोपनी | रु.५००।- | |
| ४ | **घरजग्गा दर्ता** | | | |
| ५ | पक्की पिच मोटरबाटोसंग दुवै तर्फका जग्गा सडकबाट १ सय मिटर सम्म भित्र | प्रति रोपनी | रु.३००।- | |
| ६ | अन्य सवै जग्गा | प्रति रोपनी | रु.२००।- | |
| | **जग्गा सम्बन्धी सिफारिस** | | | |
| ७ | विर्ता जग्गा नामसारी | प्रति रोपनी | रु.५००।- | |
| ८ | जोत छोडपत्र र नाम कट्टा | प्रति रोपनी | रु.५००।- | |
| ९ | गुठी जग्गा राजगुठी र रैतान नम्बरीमा परिणत दर्ता नामसारी | प्रति रोपनी | रु.५००।- | |
| १० | स्ववासी जग्गाको हक परिणत | प्रति रोपनी | रु.२००।- | |
| ११ | स्ववासी जग्गाको हक परिणत घर भए प्रति घर थप | प्रति रोपनी | रु.२००।- | |
| १२ | छुट दर्ताको सिफारिस | प्रति रोपनी | रु.५००।- | |
| १३ | चार किल्ला प्रमाणित दस्तुर | प्रति कित्ता | रु.५००।- | |
| १४ | घर वाटो प्रमाणित दस्तुर | प्रति कित्ता | रु.२००।- | |
| १५ | कित्ता  काट सिफारिस | प्रति कित्ता | रु.२००।- | |
| १६ | घर कायम सिफारिस | प्रति घर | रु.५००।- | |

| | | | | |
|---|---|---|---|---|
| १७ | जग्गा लगत कट्टा सिफारिस | प्रति रोपनी | रु.५००।- | |
| १८ | अपुताली सिफारिस | प्रति रोपनी | रु.१०००।- | |
| १९ | मोही नामसारी सिफारिस | प्रति रोपनी | रु.५००।- | |
| २० | वैदेशिक अध्ययन प्रयोजनका घटना दर्ताको प्रमाणपत्र प्रमाणित शुल्क | प्रति | रु.५००।- | |

**धारा विजुली जडान सिफारिस दस्तुर**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | धारा विजुली जडान सिफारिस | पटक | २००।- | |
| २ | धारा विजुली नामसारी सिफारिस | पटक | ३००।- | |

**वार्षिक आम्दानी प्रमाणित दस्तुर ( कुल मूल्यांकन रकमको आधारमा )**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | वैदेशिक रोजगार वा अध्ययमा जाने नागरिक वा निजको परिवार | पटक | ०।१५ प्रतिशत | |
| २ | कृषि प्रयोजनको लागि | पटक | ०।०५ प्रतिशत | |
| ३ | व्यापारिक प्रयोजनको लागि | पटक | ०।१० प्रतिशत | |
| ४ | सम्पत्ति मूल्यांकन प्रमाणित | पटक | ०।१० प्रतिशत | |

**नाता प्रमाणित दस्तुर**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | नाता प्रमाणित | पटक | रु.३००।- | |
| २ | जन्म प्रमाणित | पटक | रु.५००।- | |
| ३ | कर चुक्ता प्रमाणित | पटक | रु.५००।- | |
| ४ | विवाहित/अविवाहित प्रमाणित | पटक | रु.५००।- | |
| ५ | दुवै एकै भएको प्रमाणित | पटक | रु.५००।- | |

| | | | | |
|---|---|---|---|---|
| ६ | वैदेशिक प्रयोजनार्थ नाता प्रमाणित (अंग्रेजी भाषामा) | पटक | रु.५००।- | |

**प्रशासनिक दण्ड, जरिवाना र जफत**

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **दर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | व्यवसाय कर प्रत्येक वर्ष नबुझाए वापत जरिवाना | वार्षिक | २० प्रतिशत | |
| २ | घरजग्गा  कर प्रत्येक वर्ष नबुझाए वापत जरिवाना | वार्षिक | १५ प्रतिशत | |
| ३ | मालपोत चालु आ.व भित्र नवुझाएमा | वार्षिक | २५  प्रतिशत | |
| ४ | बोधिचित्त माला जफत | प्रति के.जि | रु.३०।- | |
| **५** | **सार्वजनिक स्थानमा निर्माण सामाग्री थुपारे वापत** | | | |
| क | दैनिक लाग्ने शुल्क | प्रति दिन | रु.५०।- | |
| ख | अन्यथा भएका जरिवाना | प्रति दिन | रु.१००।- | |
| **६** | **निशेधित स्थानमा भारी सवारी साधन प्रवेश गरे वापत** | | | |
| क | पहिलो पटक | पटक | रु.५००।- | |
| ख | दोस्रो पटक | पटक | रु.५०००।- | |
| ग | २ भन्दा वढी पटकको  प्रति पटक | पटक | रु.१००००।- | |
| **७** | **EMIS समयमा नभरेमा** | | | |
| क | मा.वि | पटक | रु.१५००।- | |
| ख | आ.वि | पटक | रु.१०००।- | |
| ग | प्रा.वि | पटक | रु.५००।- | |

**बोधिचित्त माला निकासी शुल्क**

| **सि.नं** | **राजश्वका क्षेत्रहरु** | **इकाई** | **दर** | **कैफियत** |
|---|---|---|---|---|
| १ | बोधिचित्त मालाको  निकासी सिफारिस | पटक | रु.१०००।- | |

## न्यायिक दस्तुर

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | निवेदन दस्तुर | पटक | निःशुल्क | |
| २ | प्रमाणित प्रतिलिपि दस्तुर | प्रति पाना | रु.५।- | |

## अनुसुची - १३
## (दफा १४ सँग सम्बन्धित)
## गाउँपालिकाले लगाउने पर्यटन शुल्क

**१. पर्यटन शुल्क**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | गा.पा भित्र पर्यटकिय स्थलमा छायांकन | प्रतिदिन | रु.२५००।- | |
| **२** | **भ्युटावर तथा अन्य पार्क प्रवेश शुल्क** | | | |
| क | पैदल हिड्ने प्रति व्यक्ति | प्रति दिन | रु.२०।- | |

**अनुसुची - १४**
**(दफा १५ सँग सम्बन्धित)**
**गाउँपालिकाले लगाउने दहत्तर बहत्तर शुल्क**

**१. दहत्तर बहत्तर शुल्क**

| सि.नं | राजश्वका क्षेत्रहरु | इकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ बमोजिम ढुंगा, गिट्टी, स्लेट,बालुवा, चुनढुंगा, खरिढुंगा,अभ्रख र दहत्तर बहत्तरमा प्राकृतिक स्रोत करको दर र प्रदेश सरकारले निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश कानुन अनुसार हुने | | प्रदेश कानून अनुसार | |
| २ | ढुंगा, गिट्टी, स्लेट,बालुवा, चुनढुंगा, खरिढुंगा चोरी निकासी प्रति टिप जरिवाना | | रु.१५०००।- | |

चौंरीदेउराली गाउँपालिकाको गाउँसभाबाट मिति २०८१ असार १० गते स्वीकृत भएको यसै अनुसारको चौरीदेउराली गाउँपालिको आर्थिक ऐन,२०८१ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

मिति २०८१ असार २२ गते

रेणुका चौलागाई
अध्यक्ष